# माछापुच्छ्रे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की

**योजना संचालन गर्न उपभोक्ता समिति गठन गर्दा ध्यान दिनु पर्ने कुराहरु ।**

**क. उपभोक्त समिति गठनः**

१. उपभोक्त सिमिति ९ वा ११ सदस्यीय बनाउने।

२. अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये एक जना महिला राख्ने।

३. उपभोक्ता समितिमा एक तिहाई सदस्य महिला राख्ने।

४. एक व्यक्ति एउटा भन्दा बढी उपभोक्ता समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष हुन पाउने छैनन।

५. सरकारी कर्मचारी, शिक्षक, कुनै सरकारी संस्थामा कार्यरत कर्मचारी उपभोक्ता समितिको सदस्य हुन पाउने छैनन।

६. राजनैतिक दलको पदाधिकारी उपभोक्ता समितिमा बस्ने पाउने छैनन।

७. एक समितिमा एकै परिवारका व्यक्ति सदस्य हुन पाउने छैनन।

८. उपभोक्ता समिति सकभर समाबेशी बनाउनु पर्ने छ।

**क. निर्णय गर्नुपर्ने व्यहोरा**

१. निर्णय नं. १. उपभोक्ता समिति गठन

२. निर्णय नं. २. अनुगमन समिति गठन — (कम्तिमा ५ सदस्यीय)

३. निर्णय नं. ३. योजना कार्यान्वयनमा जनसहभागीता जुटाउने व्यहोरा

४. निर्णय नं. ४. उपभोक्ता समितिको खाता खोल्ने कुरा (अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखत बाट)

५. योजना सम्झौता सम्बन्धी (योजना सम्झौता गर्न आउदा निर्णयको फोटोकपी र नागरिकता लिएर आउने)

६. अन्य आवश्यक निर्णयहरु।

**ख. योजना सम्पन्न भए पछि उपभोक्ताहरु समेतको बैठक बस्ने। बैठकले निम्न बमोजिमको निर्णयहरु गर्ने**

१. निर्णय नं. १. योजना सम्पन्न भएको कुरा

२. निर्णय नं. २. अनुगमन समितिको प्रतिवेदनको कुरा उल्लेख गर्ने

३. निर्णय नं. ३. आम्दानी र खर्चको हिसाव स्पष्ट निर्णय गर्ने

४. निर्णय नं. ४. सार्वजनिक लेखा परिक्षण सम्मपन्न भएको कुरा उल्लेख गर्ने

५. निर्णय नं. ५. रकम निकाशाको लागि गाउँपालिकामा अनुरोध गर्ने

६. अन्य आवश्यक निर्णयहरु

**नोटः रु. तीन लाख भन्दा बढी रकमको योजना स्थलमा अनिवार्य रुपमा होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ ।**

**होर्डिङ्ग बोर्डको नमुना**

**योजनाको नामः**

**ठेगानाः**

**योजनाको कुल लागत रुः**

**गाउँपालिका अनुदान रु.**

**जन सहभागिताबाट व्यहोर्ने रकम रुः**

**अन्य निकायबाट प्राप्त सहयोग हुने रकम रुः**

**योजना सम्झौता मितिः**

**योजना सम्पन्न गर्ने मितिः**

**उपभोक्ता समितिका पदाधिकारीको नामः**